**Kaladarpan | Volume : 5 | No.: 1 | 2025, January, Pages 33-45**

DOI : https://doi.org/10.3126/kaladarpan.v5i1.74731

# मुरारि पराजुलीका कवितामा वैचारिकता

**प्रेमप्रसाद तिवारी**
tiwari.prem828@gmail.com
Orcid ID : https://orcid.org/0009-0007-4433-7501

**शालिकराम पौड्याल**
paudyalshalikram@gmail.com
Orcid ID : https://orcid.org/0009-0007-6023-9864
त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस

**लेखसार**

प्रस्तुत लेखमा कवि मुरारि पराजुलीका कविताबाट अभिव्यक्त हुने वैचारिकताको अध्ययन गरिएको छ । यस लेखमा प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत मुरारि पराजुलीका सृजनाका स्वरहरू, आगो पालेका पेट र शीत ओडेका बस्तीहरू, हाँसेर उसका ओठले, लोकतन्त्रको शङ्खनाद र हाम्रा छातीको दशगजा पाँचओटा कवितासङ्ग्रह रहेका छन् भने द्वितीयक स्रोतअन्तर्गत सिद्धान्त निर्माणका क्रममा उपायोग गरिएका पुस्तक, समीक्षा, जर्नल तथा सन्दर्भसामग्री रहेका छन् । यहाँ उल्ललेख गरिएका दुवै स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ भने सङ्कलित सामग्रीको विश्लेषणका लागि वैचारिकतासम्बन्धी अवधारणाको उपयोग गरिएको छ । यस लेखमा मुरारि पराजुलीका कविताको मुख्य वैचारिक धरातलका रूपमा प्रगतिवादी चिन्तन आएको छ र यसका साथै यिनका कवितामा सामाजिक भावना, राष्ट्रवादी भावना, क्रान्तिकारी विचार, परिवर्तनकारी विचारले मुख्य स्थान प्राप्त गरेका छन् भन्ने कुरा उल्लेख गरिएको छ । नेपाली समाज, राजनीति, यहाँका मानिसको आर्थिक अवस्था, शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचार जस्ता विकृति तथा विसङ्गतिलाई देखाउँदै नेपाली जनताले भोग्नुपरेको पीडा मुरारि पराजुलीका कविताको मुख्य विषय बनेको छ भने यही विषयको जगमा समाज परिवर्तनसँग सम्बन्धित विविध विचार प्रकट भएका छन् भन्ने कुरा यस लेखको निष्कर्षका रूपमा आएको छ ।

**शब्दकुञ्जी** : परिवर्तनकारी, प्रगतिवादी, युद्धजन्य, राष्ट्रवादी, सामाजिक

## विषयपरिचय

मुरारिप्रसाद पराजुली (२०२३ साल जेठ २२) नेपाली कवितापरम्पराका प्रगतिवादी कवि हुन् । २०३६ सालमा 'जाली तमसुक' नाटक लेखेर नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका पराजुलीको पहिलो प्रकाशित कविता २०४२ सालको 'दैनिक निर्णय' पत्रिकामा प्रकाशित 'ए युवा' हो । कवि पराजुलीका हालसम्म *सृजनाका स्वरहरू* (संयुक्त कवितासङ्ग्रह : २०४५), *आगो पालेका पेट र शीत ओडेका बस्तीहरू* (संयुक्त कवितासङ्ग्रह : २०४६), *हाँसेर उसका ओठले* (कवितासङ्ग्रह : २०६१), *लोकतन्त्रको शङ्खनाद* (संयुक्त कवितासङ्ग्रह : २०६२), *हाम्रा छातीको दशगजा* (कवितासङ्ग्रह : २०७३), *मुक्तक मीमांसा* (२०६७), *नेपाली मुक्तकका प्रवृत्तिहरू* (२०६९), *पत्थरकट्टा जातिको अध्ययन* (२०७०) जस्ता कविता तथा समालोचनात्मक कृति प्रकाशित भएका छन् । पराजुलीका

कवितामा नेपाली समाजले भोगेका पीडा, निम्नवर्गीय नेपालीका समस्या, सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिको चिरफार गर्दै समाज सुधारको लागि सन्देश दिएका छन् । विचार कुनै पनि लेखकको कृतिमा अभिव्यक्त दृष्टिकोण हो । लेखकले आफ्ना रचनाका माध्यमबाट समाजमा स्थापित गर्न खोजेको मुख्य आशय नै विचार बनेर प्रकट भएको हुन्छ । कवि मुरारि पराजुलीका कवितामा प्रगतिवादी क्रान्तिकारी विचार, सामाजिक जीवन, युद्धको त्रासद पक्ष, राजसंस्थाप्रतिको आक्रोश, राष्ट्रियता तथा मिथकीयतासँग सम्बन्धित विषयलाई बिम्बालङ्कारका माध्यमबाट प्रस्तुत गरिएको छ । यस लेखमा मुरारि पराजुलीका कवितामा केकस्तो वैचारिक धरातल रहेको छ भन्ने मूल प्राज्ञिक जिज्ञासा रहेको छ भने मुरारि पराजुलीका कवितामा सन्निहित वैचारिकताको अध्ययन गर्नु मूल उद्देश्य रहेको छ । मुरारि पराजुलीका कवितामा पाइने विचार पक्षको मात्र विश्लेषण गर्नु यस लेखको परिसीमा रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा मुरारि पराजुलीका कवितामा अभिव्यक्त वैचारिकताका बारेमा अध्ययन गरिएको छ । यस लेखमा प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । मुरारि पराजुलीका कविता प्राथमिक स्रोतका सामग्रीका रूपमा रहेका छन् भने वैचारिकताको सिद्धान्त निर्माण तथा मुरारि पराजुलीका विषयमा गरिएका अध्ययन, समीक्षा तथा समालोचना द्वितीयक स्रोतका रूपमा रहेका छन् । यस लेखमा प्रयोग गरिएका दुवै स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि वैचारिकताको अवधारणा निर्माण गरिएको छ । गुणात्मक अनुसन्धानसँग सम्बन्धित यस अध्ययनमा कवितामा सन्निहित विचारको अध्ययनका लागि वैचारिकताको अवधारणा निर्माण गरी व्याख्या तथा विश्लेषणका आधारमा अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

'चार' मूलमा 'वि' उपसर्ग लागेर निर्मित भएको 'विचार' शब्दले कुनै विषय, समस्या आदिका बारेमा सोचिएको कुरो, चिन्तन, मनन भन्ने अर्थ बुझाउँछ । यस्तै विचार शब्दले मनमा उठेको कुरो, अनुभूति, सोच, समझ तथा मनले गरेको अठोट, सङ्कल्प, ठहर आदि अर्थ पनि बुझाउँछ (अधिकारी र भट्टराई, २०६१, पृ.९०७) । कुनै व्यक्तिले कुनै विषयका बारेमा बनाएको धारणा वा दृष्टिकोण नै विचारका रूपमा आएको हुन्छ । यही विचारसँग सम्बन्धित भावलाई वैचारिकताले बुझाएको हुन्छ । लेखकको निजी विचार साहित्यक कृतिमा मुख्य आशय वा दृष्टिकोण बनेर आएको हुन्छ । लेखकीय विचारको निर्माण परिवार, समाज, शिक्षा, राजनीति, विज्ञान, प्रविधि आदि पक्षबाट हुन्छ (प्रश्रित, २०६६, पृ.३०७) । लेखकले भोगेको जीवनानुभूति नै कुनै कृतिको मुख्य विचार बनेर आएको हुन्छ । मानिसले देखेका, भोगेका, सुनेका, अनुभव गरेका तथा आफ्ना पूर्वजबाट प्राप्त गरेको ज्ञानका आधारमा विचारको धरातल निर्माण भएको हुन्छ । विचार मानसिक सत्ता भएकाले यसको प्रत्यक्ष सम्बन्ध स्रष्टाको मनोजगत्सँग जोडिएको हुन्छ ।

मानसजगत्मा उद्भूत विचारपुञ्जको सार्वजनिकीकरण नै कृतिमा अभिव्यक्त भाव हो र त्यही भावजगत् नै कृतिको सारवस्तुको आधार पनि हुने भएकाले विचारको सत्ता मानसिक हुने गर्छ । अनुभव नै ज्ञान वा विचारको स्रोत हो (मिश्र, सन् १९९८, पृ.१२३) । लेखक तथा पाठकले आफ्नो जीवनयापनका क्रममा भोगेका अनुभूतिका बिचमा तादात्म्य हुँदा लेखकीय विचार र पाठकीय विचारका बिचमा समीकरण हुन पुग्छ । चिन्तन, विचार, तर्क, विमर्श जस्ता सन्दर्भहरू बुद्धितत्त्वअन्तर्गत रहन्छन् र हृदयको संवेदन, रागात्मकता, ध्वन्यात्मकता जस्ता विषयहरू

भावतत्त्वभित्र पर्छन् (शर्मा, २०५५, पृ.२०) । बुद्धितत्त्व र भावतत्त्वको समुचित समन्वबाट नै उत्कृष्ट कृतिको रचना हुन सक्छ । लेखकले पाठकमा प्रभाव जमाउनका लागि रचना गरेको कृतिमा विचारकै प्रबलता रहेको हुन्छ । यस्तो प्रभाव जमाउने कृतिको रचना गर्नका लागि लेखकले कुनै रचनाकारका कृति तथा कुनै सिद्धान्त वा दर्शनको अनुशीलनपश्चात् दृष्टिकोण विकास गर्छ र लेखकको दृष्टिकोण नै कृतिको मूल उद्देश्य, सारवस्तु वा भावपुञ्जका रूपमा प्रकट हुन्छ ।

साहित्यिक विधाको संरचना निर्माणमा विभिन्न संरचक घटकको भूमिका रहेको हुन्छ । त्यसैले विधालाई यौगिक संरचनाका रूपमा हेरिन्छ । कविता पनि अरू साहित्यिक विधा जस्तै यौगिक संरचना हो । यसको निर्माणमा भाव, लय, विम्बप्रतीक अलङ्कार, भाषाशैली जस्ता संरचक घटकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यी सबै संरचक घटक लेखकको अनुभूतिका प्रतिफल हुन् र यी सबैको निर्माणका लागि विचारकै अहम् भूमिका रहेको हुन्छ । विचार भौतिक सत्ताको प्रतिविम्बन होइन, विचारले बाहिरी वस्तुसँग कुनै प्रकारको सम्बन्ध नै राख्दैन (सांकृत्यायन, सन् २००७, पृ.२३९) । विचार स्रष्टको मानसिकतासँग सम्बन्धित हुन्छ र स्रष्टको मानसिकताको प्रतिविम्बन कृतिमा हुन्छ । कृतिमा अभिव्यक्त स्रष्टाको मानसिकता नै त्यस कृतिको सारवस्तु वा भावविधान बनेको हुन्छ । कवितामा कविले आफ्नो अनुभूतिपुञ्जलाई लयात्मक भाषिक कलाका माध्यमबाट भावकसमक्ष सम्प्रेषण गरेको हुन्छ । लेखकले आफ्नो अनुभूतिलाई विम्ब, अलङ्कार, प्रतीक तथा लयात्मक भाषाका माध्यमबाट सम्प्रेषित गरी भावविधान गरेको हुन्छ । कवितामा मानवजीवन, शिक्षा, राजनीति, मानवतावाद, नारी अस्तित्व तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई विषयको आधार बनाइएको हुन्छ । यिनै पक्षका आधारमा कविताको वैचारिक धरातल निर्माण हुने भएकाले मुरारि पराजुलीका कवितामा अभिव्यक्त वैचारिकता निरूपण गर्ने कार्य यस लेखमा गरिएको छ ।

## छलफल तथा परिणाम

कवि मुरारि पराजुलीले आफ्ना *सृजनाका स्वरहरू* (संयुक्त कवितासङ्ग्रह : २०४५), *आगो पालेका पेट र शीत ओडेका बस्तीहरू* (संयुक्त कवितासङ्ग्रह : २०४६), *हाँसेर उसका ओठले* (कवितासङ्ग्रह : २०६१), *लोकतन्त्रको शङ्खनाद* (संयुक्त कवितासङ्ग्रह : २०६२), *हाम्रा छातीको दशगजा* ( कवितासङ्ग्रह : २०७३) जस्ता कवितासङ्ग्रहमा समाविष्ट कविताका माध्यमबाट फरक फरक विचार प्रस्तुत गरेका छन् । पराजुलीका कवितामा प्रगतिवादी क्रान्तिकारी विचार, सामाजिक जीवन, युद्धको त्रासद पक्ष, राजसंस्थाप्रतिको आक्रोश, राष्ट्रियता तथा मिथकीयतासँग सम्बन्धित विषयलाई विविध बिम्बालङ्कारका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ । यस लेखमा पराजुलीका कवितामा प्रकट भएको विचारलाई विभिन्न उपशीर्षकका माध्यमबाट स्पष्ट पार्ने कार्य गरिएको छ ।

### विषयवस्तु

कवि मुरारि पराजुलीका कवितात्मक कृतिहरूमा अभिव्यक्त विचारका आधारमा विषयवस्तु पहिचान गर्न सकिन्छ । कवि पराजुलीको *सृजनाका स्वरहरू* कवितासङ्ग्रहमा समाविष्ट कवितामा नारीका समस्या, गरिबीको पीडा, पुँजीवादी साम्राज्यवादी व्यवस्थाका विकृति, शासकहरूको पदलोलुपता, निम्नवर्गीय जनताका पीडा, बेरोजगारी समस्या, चुनावी षड्यन्त्र जस्ता फरक फरक विषय आएका छन् । साथसाथै यस सङ्ग्रहका कवितामा कविले अपाङ्गता हुनुको नियति, बेचिएका नारीहरूले भोनुपरेका पीडा, सडक बालबालिकहरूले भोग्नुपरेको नियति र उनीहरूको निरर्थक जिन्दगी, युवावर्गमा देखिएको दुर्व्यसनी, प्रत्येक नयाँ वर्ष निरर्थक भई जागिरको खोजीमा भौँतारिएर हिँड्नुपरेको युवाहरूको यथार्थ, निम्नवर्गीय किसान मजदुरले आफ्नो प्रतिनिधित्व गर्ने व्यक्तिलाई सत्तामा पुऱ्याउन चाहे पनि सामन्तीहरू नै सत्तामा पुगेर शासन गरिरहेको नेपाली समाजको अवस्था,

प्रमिथसले स्वर्गबाट आफ्ना जनताका खातिर आगो चोरेर ल्याएको र ऊ दण्डित भएको, नेपाल जस्ता देशमा पनि प्रमिथसद्वारा चोरिएको आगो आएको तर ठुलाबडाका घरमा मात्र आएको भन्ने कुरालाई मुख्य विषयको सेरोफेरो बनाइएको छ ।

*आगो पालेका पेट र शीत ओडेका बस्तीहरू* मुरारि पराजुलीको दोस्रो संयुक्त कवितासङ्ग्रहमा गरिबी, अभाव, राजनीतिक विकृति, स्वतन्त्रताको चाहना, परिवर्तनको इच्छा, नारीका पीडा, आदिवासी थारू जातिका नारीहरूका समस्या, अन्याय अत्याचारका विरुद्धको सङ्घर्ष जस्ता कुराहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । मुरारि पराजुलीका विषयमा ऋषिराम भुसाल लेख्छन्, "द्वन्द्वका कवि मुरारि पराजुलीका कवितामा न त जनताले मुक्तिको सास फेर्न पाएका छन्, न त जनविरोधी वर्गका मोजमस्ती नै सन्देहरहित छ । दुवै बेचैन छन् । यति मात्र होइन, व्यक्ति जीवनका व्यथा, विवशता र मूल्यहीनता, सामाजिक बीभत्स स्थिति तथा क्षीण हुँदै गएको राष्ट्रियताको दर्दनाक स्वरमा उनी बोलेका छन्" (आगो पालेका पेट र शीत ओडेका बस्तीहरूको भूमिकाबाट) । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा गरिबीको पीडा भोगेका व्यक्तिहरूको दिनचर्यालाई प्रस्तुत गर्दै गरिबहरूको चुलो तात्न नसकेको, अभिभावकको इच्छा पूरा गर्न नसकेको, सन्तानका इच्छा पूरा गर्न नसकेका, अफ्रिकालाई गोराहरूको शासनबाट मुक्ति दिलाई स्वतन्त्र तुल्याउने मन्डेला अफ्रिकी जनताका आशाका केन्द्रविन्दु भएको, विधवा नारीले आफ्नो जीविकोपार्जनका लागि वेश्या बनेर अरूलाई तृप्त गराउँदागराउँदै मृत्युवरण गरेर सडकमा हिँड्ने व्यक्तिहरूको घृणाको पात्र बन्न पुगेको, इमानदार कर्मचारी उपहासको पात्र बन्नुपर्ने अवस्था, जीवनको बीभत्स र कुरूप अवस्थाको वर्णन, संस्कार र पर्व मनाउँदाका पीडा र समस्या, धरतीमा व्यभिचार, अत्याचार, कपट बढ्दै गएको सन्दर्भ जस्ता कुराहरू विषय बनेर आएका छन् ।

पराजुलीको तेस्रो कवितासङ्ग्रह *हाँसेर उसका ओठले*मा राष्ट्र र राष्ट्रियतामाथि सङ्कट उत्पन्न भएको, नैतिक मूल्य र मान्यता ह्रास हुँदै गएको, युद्धले निम्त्याएको त्रासद वातावरण, प्रेमप्रणयका राग, नेतृत्ववर्ग कर्तव्य र जिम्मेवारीबाट च्यूत बन्दै गएको अवस्था, शासकवर्गबाट लुटिएका, ठगिएका जनताका पीडा र विवशता, शाही निरङ्कुश शासनप्रति आक्रोश, मानिसमा रहेको ईर्ष्या र डाहा गर्ने प्रवृत्ति, सभ्यताको चरम विकासले संस्कारहरू धरापमा पर्दै गएका छन् भन्ने कुराको अभिव्यक्ति दिँदै इमानदारिताको खडेरी परेको तथा जीवनका विसङ्गतिपूर्ण बन्दै गएको विषय आएको छ ।

पराजुलीको चौथो संयुक्त कवितासङ्ग्रह *लोकतन्त्रको शङ्खनाद*मा शाही निरङ्कुशताका विरुद्ध चलेको लोकतान्त्रिक आन्दोलनका वेला शाही शासनव्यवस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाको महान् आन्दोलनयज्ञमा कविहरूको उपस्थिति सशक्त रहेको सन्दर्भ र त्यही आन्दोलनलाई थप ऊर्जा प्रदान गर्न तथा विद्रोह र क्रान्तिको ज्वालाको लप्काले राजसंस्थाको अस्तित्व समाप्त पार्ने उद्घोषका साथ लेखिएको कृति हो (पौड्याल, २०७२, पृ. २२४) । यहाँका कवितामा शाहीशासनको अन्त्यको पूर्वसङ्केत, राजसिंहासन ढलेर राजसंस्था इतिहासमा मात्र रहने अवस्था आएको, जनताको पसिना र परिश्रमको कदर हुन नसकेको, सेतो हात्तीका रूपमा रहेको राजसंस्थाको भरणपोषणमा ठुलो व्ययभार खर्चिनु परेको जस्ता विषय आएका छन् ।

पराजुलीको *हाम्रा छातीको दशगजा* कवितासङ्ग्रहको रचनागर्भका बारेमा कवि पराजुली भन्छन्, "मेरो कवितागर्भ अतिशय असन्तुष्टि र आक्रोशका भ्रूणहरूको पिण्ड रहने छ । मूलतः वैयक्तिक रागभन्दा सामूहिक जीवनका पीडा र घृणाहरू मेरा कविताका विषय हुन् । यस सङ्ग्रहले राजा ज्ञानेन्द्रको पश्चगामी काल, माओवादी सशस्त्र हिंसाको काल र विस्तृत शान्तिसम्झौतापछिको

गणताान्त्रिक कालका प्रसङ्गहरूलाई पक्रन खोजेको छ ।" कविका यिनै स्वीकारोक्तिबाट यस सङ्गहका कविताको विषयवस्तुका बारेमा जानकारी पाइन्छ । यसमा कविले देशको न्यायव्यवस्था, सशस्त्र हिंसाका वेलाको त्रासदिपूर्ण वातावरण, द्वन्द्वका वेलामा चाडपर्वहरू निरर्थक बन्दै गएका, देश युद्धले आक्रान्त बनेको, नारीहरूको अपमान भएको, लुटतन्त्र र ठोकतन्त्रले प्रश्रय पाएको, नेपाली जनता आफ्नै देशमा शरणार्थीसरह बाँच्नुपरेको पीडा, विकासका सट्टा विनाश र विध्वंस भएको, प्राकृतिक प्रकोपले जनताले पीडा भोग्नुपरेको, नेपाली जनतामा विचारको क्षयीकरण भएको, नेपाली जनताको स्वाभिमान बिक्री भएको, श्रमजीवीहरूको परिश्रमको कदर नभएको, राजसंस्थाप्रतिको आक्रोश दिनप्रतिदिन बढ्दै गएको, लम्पसारवादी चिन्तनले नेतागणलाई गाँजेको, वर्गीय विभेद डरलाग्दोरूपमा बढ्दै गएको, राजसंस्थाको अन्त्य र गणतन्त्रको स्थापना सुनिश्चित भएको, सबै नेपाली जनताका गणतन्त्रको स्वागतका लागि आतुर बनेका, युद्धको विरोध, नक्कली नागरिकताधारी आयातीत नेपालीबाट राष्ट्रिय अखण्डतामा आँच पुगेको, छिमेकी राष्ट्रले राष्ट्रिय स्वाधीनतामाथि हस्तक्षेप गरेको, मानवता र स्वतन्त्रता हरण भएको, मानवता, भातृत्व, प्रेम, सदाचार, सद्भाव, उत्तरदायित्व जस्ता कुराहरू हराउँदै गई विकृति र विसङ्गति गाँजिदै गएको, राष्ट्रियता कमजोर भई जातीयताका नारा घन्कन थालेको, युवाहरूको विदेसिनुपर्ने वाध्यत्मक अवस्था सिर्जना भएको, चाकरीवाद चाप्लुसीवादको पराकष्ठा देखिएको, नयाँ वर्षले जनतामा खुसी ल्याउन नसकेको, व्यस्त जीवनले निम्त्याएका पीडा र बढ्दै गएका, मानिसमा अनुत्तरदायी प्रवृत्ति दिनप्रतिदिन बढेको, सामाजिक जीवन हरण भएको, जातीयताका आधारमा राज्य खण्डित पार्ने वैदशिक चलखेल बढेको, राष्ट्र र राष्ट्रियता सङ्कटमा पर्दै गएको, नेपालका महत्त्वपूर्ण स्थानमा भारतीय कुदृष्टि परेको, जाति, धर्म, भाषा आदिका आधारमा गरिने सङ्घीयता घातक हुने, नेपालमा शान्ति भाइचारा र सुशासन देख्न नचाहने छिमेकी राष्ट्रको व्यवहार जस्ता कुराहरू यस सङ्ग्रहका कविताका विषय बनेर आएका छन् ।

मुरारि पराजुलीका कविताहरूमा गरिबीका पीडाको उद्घाटन, सामाजिक आर्थिक दुरावस्थाको चित्रण, स्वतन्त्रता, समानता र भातृत्व स्थापनाको चाहना, मानवता स्थापनाको कामना, राष्ट्र र राष्ट्रियताप्रतिको अगाध स्नेह, गणतन्त्र स्थापनाको चाहना, किसान मजदुर सर्वहारा वर्गको मुक्तिको कामना, शोषित पीडित जनताको रोदन क्रन्दन र पीडाको प्रस्तुति, नारीमाथि हुने दमनको चित्रण, राजसंस्था अन्त्यको चाहना मुख्य विषय बनेर आएको छ । यिनका कवितामा गरिबीको पीडा छ, अभाव र पीडाको छटपटी छ, सहरका गल्ली र सडकबाट निस्कने रोदन र क्रन्दन छ । कवितामा अभिव्यक्त गरिएको यही विषयको आधारमा वैचारिक धरातल निर्माण भएको छ । कविले प्रयोग गरेको विषयवस्तुका आधारमा वैचारिकताको निर्माण हुने भएकाले मुरारि पराजुलीका कवितामा विचारसँग सम्बन्धित निम्न कुराको अभिव्यक्ति भएको पाइन्छ र यिनै पक्षलाई वैचारिकताका रूपमा लिएर विश्लेषण गरिएको छ ।

### प्रगतिवादी क्रान्तिकारी स्वर

मुरारि पराजुली मार्क्सवादी दृष्टिकोण र विचारलाई अभिव्यक्त गर्दै कविता लेख्ने प्रगतिवादी कवि हुन् । कवि पराजुलीले नेपाल शान्ति क्षेत्र घोषित भए पनि देशमा कहिल्यै शान्ति नछाएको, देशद्रोहीले शान्ति खलबलाइदिएको, किसान र मजदुरवर्गको हकहित हुन नसकेको कुरालाई प्रस्तुत गरेका छन् । निम्न वर्गीय जनता सत्तामा पुग्न नसकेका र सामन्तीहरू नै सत्तामा पुगेर शासन गरिरहेकोप्रति आक्रोश व्यक्त गर्दै सर्वहारा वर्गले शासन गर्ने दिन आउन अब धेरै समय नलाग्ने उद्घोष समेत गरेका छन् ।

नेपाली समाजमा विकराल बन्दै गएको गरिबी र सङ्कटका कारण उत्पन्न विषम परिस्थितिलाई चित्रण गर्दै कविले जनताको अधिकारका लागि लड्नुपर्दा अनुशासन उलङ्घनको आरोपमा सजाय भोग्नुपरेको वास्तविकतालाई यस सङग्रहका कवितामा देखाएका छन् । जनताले विद्रोह र परिवर्तनका लागि बिगुल बजाउँदा शासकवर्गले घृणा गर्ने, सिद्धान्तको युद्ध गर्ने जनता पराजित भई हतियारका युद्धले विजय प्राप्त गरेकोप्रति आक्रोश व्यक्त गर्दै सत्य पराजित भई असत्यको विजय हुँदा कवि मन रोएको कुरा यसरी व्यक्त गरेका छन् -

तर जतिखेर हार्छन् सत्यताहरू
पाउँछन् असत्यहरूले सफलता
त्यतिखेर नै मन रोइदिन खोज्छ
र मन यसरी रुन्छ
कि जतिसम्म मन रुन सक्छ । (*आगो पालेका पेट र* ......,पृ. २७)

माथिको कवितांशमा सत्य पराजित भएपछि असत्यले प्रभाव जमाएको देख्दा कविको मन भावविह्वल बन्न पुगेको छ । देशका लागि लड्ने योद्धा मृत्युदेखि डराउँदैन, प्रलोभनमा फस्दैन र निरङ्कुश शासकका आततायीपूर्ण व्यवहार र प्रवृत्तिका विरुद्ध सधैँ आवाज बुलन्द गर्छ भन्ने कुरा कविले व्यक्त गरेका छन् :

मैले
मेरो मुटुबाट खसेका शब्दहरूलाई
जल्लादका बुट र सङ्गिनसित
तर्सिन दिइनँ
मैले मेरो अक्षर ब्रह्मलाई
प्रलोभनका नालीमा बन्दकी राखिनँ

.....
किनभने/मेरा शब्दहरू विसङ्गतिको विभतिमा थिए
मेरा शब्दहरू परिवर्तनको पुकारमा थिए । (*हाम्रा छातीको दसगजा* पृ. २१/२२)

श्रमजीवी, मजदुर र सर्वहारा वर्गले सधैँ रगतलाई पसिनाका रूपमा निकालेर परिश्रम गरे पनि तिनीहरू अभाव र छटपटीमा बाँच्नुपरेको र उनीहरूको अनुहारमा खुसी छाउन नसकेकामा कवि चिन्तित हुँदै समानता स्थापनाका लागि विद्रोह गर्नुपर्ने विचार व्यक्त गरेका छन् । कविले वर्गीय विभेद जन्मजात नहुने र सामाजिक संरचनाले यस्ता विभेद निम्त्याउने भएकाले विभेदकारी शासन व्यवस्थाका रूपमा राजसंस्था रहेकाले यसको अन्त्य निश्चित भएको तथा जनताको मुक्तिका लागि आफू शूली चढ्न र रगत बगाउन तयार रहेको क्रान्तिकारी विचार व्यक्त गरेका छन् । नेपाली समाजमा विद्यमान अन्याय र अत्याचारका विरुद्धमा लड्ने कविको क्रान्तिकारी विचार कवितामा मुखरित भएको पाइन्छ । यसैले पराजुलीका कविताको विचारको आधारका रूपमा प्रगतिवादी विचारधारा रहेको छ । महादेव अवस्थी (२०७३) ले मुरारि पराजुलीका कविताका सन्दर्भमा यस्तो धारणा अभिव्यक्त गरेका छन् :

> पराजुलीका कवितामा मानवता, राष्ट्रियता, गणतन्त्र, समाज र स्वतन्त्रताका बहुस्वरको बहुस्तरीय र प्रगतिवादी अभिव्यक्ति भेटिन्छ । नेपाली समाजमा विद्यमान आर्थिक, जातीय, लिङ्गीय विभेद र त्यसबाट पीडित वर्ग तथा समुदायको पीडाको सशक्त उद्‌बोधन कवितामा भेटिन्छ । विभेदमा पारिएका दलित समुदाय र नारी समुदायका अनि निमुखा

> पिछडिएका गरिब वर्गका निम्ति अपेक्षित सामाजिक तथा आर्थिक न्यायको माग पनि व्यक्त गरिएको छ । साथै सम्पूर्ण किसिमका बन्धनमा परेका जनसमुदायको मुक्ति वा स्वतन्त्रताको आकाङ्क्षालाई पनि अन्तर्ध्वनित गरिएको छ । बहुस्वरीयता नै पराजुलीका कविताको र यस सङ्ग्रहका कविताको नवप्रगतिवादी धारागत अभिलक्षण हो । (iv)

**सामाजिक भावनाको प्रसार**

पराजुलीका कवितामा नेपाली समाजको सजीव चित्र देख्न पाइन्छ । उनका कवितामा सामाजिक विषय सबलरूपमा आएको हुन्छ । समाजका विविध सन्दर्भलाई आफ्ना रचनाका माध्यमबाट प्रस्तुत गर्नु कवि लेखनीको वैशिष्ट्य हो । समाजमा पाइने हाँसो, आँसु, रोदन, क्रन्दन, छटपटी आदि सबै पक्ष यिनका कविताको विचार बनेर आएका हुन्छन् । जीविकोपार्जनका लागि अस्तित्व बेच्न विवश भएका नारीहरूको बेवारिसे मृत्यु तथा मानवमा संवेदना र सहानुभूति हराउँदै गएको सन्दर्भ कवितामा यसरी अभिव्यक्त भएको छ :

स्तनहरू छरपष्ट छिरलिएका छन्
र गुप्ताङ्ग
लाज नमानेर आकाश हेरिरहेछ
यो कुनै जीवन होइन
मात्र बेवारिसे लासको अभिव्यक्ति
मान्छेहरू ऊ हुँदै पार भैरहेका छन्
र मान्छेहरू पिचिक्क थुकिरहेछन् । (*आगो पालेका पेट र* ......, पृ. ३०)

तराईका आदिवासी जातिले आफ्ना चाडपर्व, संस्कार मनाउँदाको समस्या, साहुको ऋण तिर्दाको पीडालाई कवितामा चित्रण गर्दै आदिवासीको हक अधिकारका पक्षमा आवाज उठाएका छन् । कविले विपन्न वर्गका पीडा, वेदना, छटपटीको चित्रण गर्दै भोजभतेर गर्दाको व्ययभार गरिबहरूका पुस्तापुस्तामा हस्तान्तरण हुँदै जाने बिडम्बनालाई यसरी व्यक्त गरेका छन् :

बारिसको बेला
डेहरीमा एक गेडा अनाज छैन
भताइका लागि बयल बेच्दा
जोताइको साधन छैन
चिन्काके माई
फेरि गाभिन छे
भरपेट खान पाएकी छैन

....................
रामअवतार सोचिरहेछ
भताइ चलाउँदाको यो भारी
कुन पुस्ताले बिसाउने हो ? (*हाँसेर उसका ओठले,* पृ. ६५-६६)

समाजमा व्यभिचार, अत्याचार, कष्ट, षड्यन्त्र मौलाउँदै गएको सन्दर्भ कोट्याउँदै सत्य र न्याय स्थापनाका लागि अब महाभारतको जस्तै युद्ध हुने उद्घोष कविले गरेका छन् । समाजमा अन्यायको जालो रहेसम्म न त समाजको सुधार नै सम्भव छ न त समाजका व्यक्तिले सुखको अनुभूति नै गर्न सक्छन् भन्ने विचार कवितामा प्रकट भएको पाइन्छ :

आज म

निष्फिक्री चोकहरूमा उर्लेर
ऐलान गर्छु कि
मान्छे हो
तयार होऊ
अर्को कुरुक्षेत्र तयार हुँदै छ समिपमा
फेरि आज हामी अर्को पटक
सम्पूर्ण कष्ट र जालझेलका विरुद्ध
महाभारतको युद्ध लड्दै छौं । *(आगो पालेका पेट र ......,* पृ ३८)

वर्तमानमा स्वार्थमा लिप्त व्यक्तिहरूको आस्था र विचारको क्षयीकरण हुँदै गएको, स्वाभिमानको लिलामी भएको देखेका कविले आफ्नो धरोहर ढल्न नदिने उद्घोष गरेका छन् :

मैले विचारको पसिना पोखेर
प्रतिबद्धताको सलामी ठोकेको छु
बचाउँदै आस्थाको स्तूपलाई
मैले मेरै आत्मासँग कसम खाएको छु । (*हाम्रा छातीको दसगजा,* पृ. २५)

अहिलेको समयमा व्यक्ति व्यस्त जीवन बाँचिरहेको सन्दर्भ प्रस्तुत गर्दै कविले बिनाकामको व्यस्तताका कारण उसले आफ्नो परिवारप्रतिको उत्तरदायित्व र जिम्मेवारी, सामाजिक कर्तव्य भुल्दै गई असामाजिक जीवन बाँच्न बाध्य भएको कुराको सजीव चित्र उतारेका छन् । गरिबीको पीडा भोगेका व्यक्तिहरूको दिनचर्यालाई प्रस्तुत गर्दै गरिबहरूको चुलो तात्न नसकेको, अभिभावकको इच्छा पूरा गर्न नसकेको, सन्तानका इच्छा पूरा गर्न नसकेको जस्तो यथार्थलाई कविले कवितामा अभिव्यक्त गरेका छन् :

चिसो चुलो माग्ने गर्छ
तातिने सलाईका काँटीहरू
स्वास्नी च्यातिएको चोलीमा पनि
हाँस्ने निष्फल चेष्टा गर्छे
वृद्ध बाबुआमा
तीर्थाटनको जिज्ञासा अझै पाल्दै छन् । (*आगो पालेका पेट*...पृ.२०)

सभ्यताको विकासका नाममा छाडा संस्कारले गाँजेको र हाम्रा मौलिकताहरू हराउँदै गएकातर्फ सङ्केत गर्दै कविले सभ्यताको विकासले बाँदरलाई मान्छे र मान्छेलाई बाँदर बनाएको व्यञ्जनागम्य अर्थ ध्वनित गरेका छन् :

सभ्यताको विकासले
बाँदरलाई मान्छे बनायो
जङ्गलबाट सहर पठायो
बिर्सेर विकासका यात्राहरू
लाटो देशका गाँडा तन्नेरी
वस्त्र फुकालेर गौरवसाथ
सौन्दर्य पस्किरहेछन्
बुद्धिमानीको पगरी भिरिरहेछन् । (*हाँसेर उसका ओठले,* पृ.२४)

माथि आएका कवितांशमा समाजको वास्तविक चित्र उपस्थित भएको छ । हाम्रो समाजमा हुने राम्रा तथा नराम्रा दुवै पक्षको चित्रण गरी आजको समाज जनचाहनाअनुकूलको नरहेको र यस्तो सामाजिक संरचना रहेसम्म गरिबले सुखको अनुभूति गर्न सक्दैनन् भन्ने सामाजिक विचारको प्रस्तुति कवितामा दिइएको छ । सामाजिक संरचनाको परिवर्तनबाट नै जनचाहना पूरा हुन सक्ने सामाजिक विचार पराजुलीका कवितामा अभिव्यक्त भएको छ ।

## युद्धजन्य त्रासद परिस्थितिबोधक विचार

नेपाली राजनीतिक व्यवस्थामा देखिएको अव्यस्थालाई निर्मूल पार्नका लागि २०५२ सालदेखि प्रारम्भ भएको युद्धले आम मानिसको जीवनमा पारेको सकारात्मक तथा नकारात्मक प्रभावको चित्रण गरी लेखिएका मुरारि पराजुलीका कवितामा युद्धसँग सम्बन्धित विचार प्रकट भएको पाइन्छ । युद्ध सबै मानिसका लागि त्रासद र भयावह नै हुन्छ तथापि नेपालमा चलेको युद्धको सकारात्मक परिणामको अपेक्षा गरेका नेपाली जनताले भोग्नुपरेको बाध्यकारी अवस्थासँग सम्बन्धित विचारको प्रस्तुति पराजुलीका कवितामा दिइएको पाइन्छ । यिनका कवितामा माओवादी सशस्त्र द्वन्द्वले निम्त्याएको कहाली लाग्दो र त्रासदीपूर्ण परिवेशका कारण शान्ति समाप्त हुँदै गएको र मानव संहारमा प्रकृतिले समेत रोदन गरेको कुरा कविता व्यक्त गरेका छन् :

अकाल मरेका मान्छेका
लास कुहेर उठेको पहाडमा पनि
आफूहरू फुल्न नसक्ने कुरा गर्छन्
मान्छेको मुस्कान र फूलको सौन्दर्य
एउटै कुरा हो
फूलहरू मान्छे रुँदा
आफू हाँस्न नसक्ने कुरो गर्छन् । (*हाम्रा छातीको दसगजा,* पृ. ७)

त्यस्तै युद्धकालमा गाउँबाट लुटिएर तथा लखेटिएर सदमुकाम र राजधानीमा शरणार्थी सरह जीवन बिताउनु परेका नागरिकका पीडाको चित्रण कवितामा गरिएको छ । देशमा प्रजातन्त्र खतरामा पर्दै गएको, दिनदिनै हत्याहिंसाका शृङ्खला बढ्दै गएका, युद्धको त्रास फैलिएको र देश बधशालामा रूपान्तरित हुँदै गएको कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

मलाई नसोध
प्राणको यकिन यतिखेर
हिमालहरू पुत्ताउँदै छन्
नदीहरू बल्दै छन्
कसाई सपनाको साम्राज्यमा
देश बधशालामा रूपान्तरित यतिखेर । (*हाँसेर उसका ओठले,* पृ. ३९)

कुनै पनि मानवको संहार गर्ने युद्ध कसैका लागि पनि प्रिय बन्न सक्दैन । मानिसले युद्धका क्षणमा भोगेका घटना निकै त्रासद र भयावह हुन्छन् भन्ने विचारको प्रस्तुति पराजुलीका कवितामा दिइएको छ । पराजुलीले युद्ध तथा विनाश मानिसको हितमा रहन सक्दैनन् भन्ने युद्धसम्बन्धी विचार प्रस्तुत गरेका छन् ।

## राजसंस्थामुक्त नेपाल बन्नुपर्ने विचार

मुरारि पराजुलीका कवितामा नेपाललाई राजसंस्थाबाट मुक्त गरिनुपर्ने विचार प्रकट भएको छ । नेपालमा लामो समयदेखि शासन गर्दैआएको राजसंस्थाले नेपाली जनताका हकअधिकार कुण्ठित गरेकाले त्यस्तो दमनबाट मुक्ति खोज्नका लागि पनि आन्दोलन गर्नुपर्ने विचार यिनका कवितामा पाइन्छ । कविले आफ्ना कवितामा राजतन्त्रलाई फँडा उठाएर हामीलाई डस्न आएको सर्पका रुपमा चित्रण गरेका छन् । उनका कवितामा सर्प राजसंस्थाको प्रतीक बनेर आएको छ (लामिछाने, सन् २०१६, जनवरी २१) । कविले तत्कालीन अवस्थामा राजसंस्थाप्रति जनविश्वास घट्दै गएको, त्यति वेलाको युद्ध राजसंस्थाको अन्त्यका लागि भएको र यो स्वतन्त्रताको खोजी गर्ने अन्तिम युद्ध हुने, सबै पक्षबाट राजसंस्थाको विरोध भएको, श्रीपेचलाई भकुन्डो बनाएर खेलिएको र राजदण्ड भाँचेर आगो बाली तापिएको कुरा गर्दै नारायणीहिटीबाट निस्केर जनता सामु माफी माग्न राजालाई आग्रहसमेत गरेका छन् ।

> इतिहासको घृणित कन्टेनरमा फ्याँकिएको
> श्रीपेच निकालेर केटाकेटीहरू
> आक्रोशको भकुन्डो खेलिरहेछन्
> तिम्रो व्यभिचारको राजदण्ड भाँचेर
> चुलोमा आगो तापिरहेछन्
> ...........
> क्षमा माग
> जनताका खुट्टामा लम्पसार परेर । (हाम्रा छातीको दशगजा, पृ. ३५)

नेपालमा लामो समयसम्म चलेको राजसंस्था नेपाली जनताको हितमा नरहेकाले जनभावना विपरीत चल्ने राजसंस्थालाई सदाका लागि बिदाई गर्नुपर्ने सशक्त विचार पराजुलीका कवितामा अभिव्यक्त भएको पाइन्छ ।

## राष्ट्रियतासम्बन्धी विचार

राष्ट्रको हितका लागि गरिने काम र राष्ट्रप्रतिको सकारात्मक चिन्तन नै राष्ट्रियतासम्बन्धी विचार हो । मुरारि पराजुलीका कवितामा आफ्नो मातृभूमिको रक्षाका लागि सबै नेपाली समर्पित हुनुपर्ने विचार मुख्यरूपमा प्रकट भएको छ । पराजुलीका कवितामा सामन्तले नेपाललाई क्षतविक्षत पारेका छन् र तिनले ओठे राष्ट्रभक्ति देखाएका छन् भन्दै ओठे राष्ट्रभक्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ (लामिछाने, सन् २०१६, जनवरी २१) । सर्वहारा वर्गको नेतृत्व गरेर सत्तामा पुग्ने र आफ्नो इमान बेचेर आर्थिक लाभका लागि राष्ट्रघाती सम्झौता गर्ने गरेकोलाई कविले कडा व्यङ्ग्य गरेका छन् :

> साँध सिमाना परिवर्तनका
> ल्याप्चे आदानप्रदान हुँदै गर्दा
> मैले देखिरहेछु
> एउटा सर्वहारा
> जमिन, बंगला र मोटर स्वामित्वको
> आफ्ना हकमा नामसारी गर्दै हुन्छ । (हाँसेर उसका ओठले, पृ. २७)

देशका अदूरदर्शी नेताका अविवेकी निर्णयका कारण आयातीत व्यक्ति नक्कली नागरिकता लिई राष्ट्रिय अखण्डतामा बाधक बनेका, विदेशीका इशारामा राष्ट्रियता कमजोर पार्ने कार्य गरेकाप्रति

तीव्र आक्रोश व्यक्त गर्दै कविले राष्ट्रियताका लागि मर्न तयार भएको शक्तिशाली विचार कवितामा अभिव्यक्त भएको छ :

निरङ्कुशताका विरुद्ध लडेको मेरो ज्यान
फेरि हाजिर छ, राष्ट्रियताको लडाइँमा
पटक पटक
अपमानका मृत्युहरू सहनुभन्दा
म एकैचोटि
प्यारो नेपाल बचाउनका निम्ति
अन्तिम बलिदान दिन तयार भएको छु ।
(हाम्रा छातीको दशगजा, पृ. ४९)

छिमेकी राष्ट्रले मैत्रीपूर्ण व्यवहार गर्नुका सट्टा केही भिजिलान्ते प्रयोग गरी हाम्रा साँध सिमाना मिच्ने, जङ्गेपिल्लर रातारात सारेर छातीमा आरा चलाएकोप्रति आक्रोश व्यक्त गर्दै राष्ट्रिय स्वाभिमान र अस्तित्व बनाउनका निम्ति हरेक नेपालीलाई सजग र सचेत हुन आग्रह गरेका छन् । युरोपियन युनियन र कर्पोरेट एजेन्सीले नेपाली जनताको गरिबीको फाइदा उठाएर आफ्ना विचार लाद्ने प्रयत्न गरेका छन् । हामी नेपाली यस्ता विदेशी हस्तक्षेपबाट बच्नका लागि प्रयत्नशील बन्नुपर्छ भन्ने राष्ट्रवादी विचार कवितामा प्रकट भएको पाइन्छ । डलरका आधारमा राज्य विखण्डन गर्न खोज्ने कुतत्त्वको दुष्प्रयासबाट बच्नका लागि प्रयत्नशील बन्न सबै नेपाली जनतालाई आग्रह गरिएको छ । राज्यलाई खण्डखण्ड पारेर शासन गर्न चाहनेहरूलाई थुम्केली राज्यको संज्ञा दिँदै यसले भविष्यमा नेपाल राष्ट्रको अस्तित्व सङ्कटमा पर्न सक्ने विचार पराजुलीका कवितामा अभिव्यक्त भएको छ :

मति भाँडिएका वेला
पराई साँढेलाई मौका मिल्छ भन्छन्
म सम्भावनालाई
नजिकबाट छामिरहेछु
कि पिढीसाँढेका
थुम्केली राजा बने अभियानमा
निदाइरह्यो भने एकनास कुनै दिन
बलात् हामीलाई घोका रहने छ
बन्दे मातरंका राष्ट्र गानहरू । (हाम्रा छातीको दशगजा, पृ. ९४)

नेपालमा शान्ति, भाइचारा, सुशासन, सद्भाव एकता देख्न नचाहने छिमेकी राष्ट्रको दुर्व्यवहार देखेर आक्रोशित बनेका कविले हिमाल, पहाड र तराईका सम्पूर्ण नेपाली एकताबद्ध भई बस्नुपर्ने र आफ्नो नेपाली परिचय जोगाउनुपर्ने विचार व्यक्त गर्दै सबै नेपालीलाई सचेत गराएका छन् :

यतिखेर छपक्कै छन् छिचिमिरा छौँडाहरू
ए आफूलाई नेपाली भन्न नथाक्नेहरू
दूर छैन आउनलाई त्यो दिन
जब उसैले दिएको
पहिचान हामीले थाप्नुपर्छ
हाम्रा छातीको दशगजा
उसैका फिर्ताले नाप्नुपर्छ । (हाम्रा छातीको दशगजा,, पृ. १०१)

कविले २०७२ सालमा संविधानको घोषणापछि तराई मधेसका केही दल र तिनका नेताले विदेशीका इसारामा देशको झन्डा जलाउँदै, आस्थाका सालिकहरू भत्काउँदै मातृभूमिका विरुद्ध नारा घन्काउँदै दसगजाका उभिएर देशको राष्ट्रियतामा प्रहार गरेकोप्रति कविले चिन्ता व्यक्त गरेका छन् र त्यस्ता भुइँफुट्टाहरूको राष्ट्रघाती व्यवहारबाट सबैले पाठ सिकी राष्ट्रियता बचाउन लाग्नुपर्ने विचार कविको रहेको छ ।

## निष्कर्ष

मुरारि पराजुली आधुनिक नेपाली कवितापरम्पराका चर्चित प्रतिभा हुन् । नेपाली कविता विधाको स्वच्छन्दतावादी प्रगतिवादी धारामा कलम चलाउने पराजुलीले आफ्ना रचनाका माध्यमबाट समाज सुधारसँग सम्बन्धित विचार प्रस्तुत गरेका छन् । कवि पराजुलीका कवितामा सामाजिक, राजनीतिक एवम् आर्थिक सचेततासँगै मार्क्सवादी दर्शनका प्रभावमा विकसित प्रगतिवादी धाराको स्पष्ट प्रभाव पाइन्छ । उनका कविता राष्ट्रियता, प्रजातान्त्रिक चेतना र सामाजिक आर्थिक विषमता तथा शोषण उत्पीडनप्रति सचेत वर्गद्वन्द्वका विचारबाट अनुप्राणित बन्न पुगेका छन् । विशेषगरी मुरारि पराजुलीका कवितामा गरिबीका पीडाको अभिव्यक्ति, सामाजिक तथा आर्थिक दुरावस्थाको सिकार बनेका नेपालीको कारुणिक जीवनको चित्र, स्वतन्त्रता, समानता र भातृत्व स्थापनाको चाहना, मानवता स्थापनाको कामना, राष्ट्र र राष्ट्रियताप्रतिको अगाध स्नेह, गणतन्त्र स्थापनाको चाहना, किसान मजदुर सर्वहारा वर्गको मुक्तिको कामना, शोषित पीडित जनताको रोदन क्रन्दन र पीडाको प्रस्तुति, नारीमाथि हुने दमनको चित्रण, राजसंस्था अन्त्यको चाहना जस्ता विषय आएका छन् । यिनका कवितामा गरिबीको पीडा छ, अभाव र पीडाको छटपटी छ, सहरका गल्ली र सडकबाट निस्कने रोदन र क्रन्दन पनि छ । यिनका कविताले २००७ सालको क्रान्तिको प्रसङ्ग, बहुदलीय राजनीतिक अभ्यास र २०१५ सालको निर्वाचन जस्ता घटनासँग सम्बन्धित विषय पनि आएको छ । मुरारि पराजुलीका कवितामा प्रगतिवादी, सामाजिक, राष्ट्रवादी, क्रान्तिकारी, परिवर्तनकारी विचारले मुख्य स्थान प्राप्त गरेका छन् । नेपाली राजनीतिलाई नजिकबाट नियाल्दै त्यहाँ रहेका कमीकमजोरी केलाउनु र राजनीतिमा देखिएका विकृति अनि विसङ्गतिलाई समूल अन्त्य गर्नुपर्छ भन्ने परिवर्तनकारी विचार यिनका कवितामा प्रकट भएको पाइन्छ । त्यससैले मुरारि पराजुलीका कविता वैचारिकताका दृष्टिले उच्च मूल्ययुक्त रहेका छन् । नेपाली समाजमा रहेका सबै अव्यवस्था हटाई समुन्नत तथा समृद्ध नेपाल निर्माण गर्ने चाहना नै यिनका कविताको वैचारिक आधार रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६१). *प्रयोगात्मक नेपाली शब्दकोश.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी, महादेव (२०७३). समीक्षात्मक शुभकामना. *हाम्रा छातीको दशगजा* .लेखक मुरारि पराजुली. रूपन्देही : गीता पराजुली ।

त्रिपाठी, वासुदेव, सुवेदी, केशव र न्यौपाने, दैवज्ञराज (२०६०). *नेपाली कविता भाग ४* चौथो संस्करण. ललितपुर : साझा प्रकाशन ।

पराजुली, मुरारि, भण्डारी, गोविन्द र पन्त, बोधराज (२०४६). *आगो पालेका पेट र शीत ओडेका बस्तीहरू* (संयुक्त कवितासङ्ग्रह), मणिग्राम : ऋषिराम भुसाल ।

पराजुली, मुरारि (२०६१). *हाँसेर उसका ओठले.* पोखरा : ओजन बुक्स ।

पराजुली, मुरारि (२०७३). *हाम्रा छातीको दशगजा.* रूपन्देही : गीता पराजुली ।

पौड्याल, शालिकराम (२०६५). *रूपन्देही जिल्लाको कविताको इतिहास : सर्वेक्षण र विश्लेषण,* बुटवल : लेखक स्वयम् ।

पौड्याल, शालिकराम (२०७२). रूपन्देहीको नेपाली साहित्य. *रूपन्देही दर्पण.* भैरहवा : रूपन्देही शैक्षिक तथा सामाजिक प्रतिष्ठान, पृ.२१५-२३५ ।

प्रश्रित, मोदनाथ (२०६६). देवकोटाका वाङ्मयमा वैचारिक विकास. *भृकुटी.* पूर्णाङ्क ५, पृ.३०६ – ३१२ ।

भुसाल, ऋषिराम, साहनी, दिल, भट्टराई, रामचन्द्र, राना, बूँद, निराकार, वनमाली र पराजुली, मुरारि (२०६२). *लोकतन्त्रको शङ्खनाद* (संयुक्त कवितासङ्ग्रह). रूपन्देही : नागरिक जागरण अभियान ।

मिश्र, सभाजित (सन् १९९८). *कांटका दर्शन.* लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान ।

राना, बूँद, विभात, उदय, भुसाल, ऋषिराम, पराजुली, मुरारि, विनय, राम, भुसाल, धर्मलाल, घिमिरे, केशव, साहनी, दिल (२०४५).*सृजनाका स्वरहरू* (संयुक्त कवितासङ्ग्रह). भैरहवा : सिद्धार्थ साहित्य परिषद् ।

लामिछाने, कपिल (२१ जनवरी, २०१६). मुरारि पराजुलीको हाँसेर उसका ओठले भित्रको अन्तर्वस्तु र रूपरचना. *समकालीन साहित्य.* https://www.samakalinsahitya.com/sahitya/details/5403.

शर्मा, गोपीकृष्ण (२०५५). *नेपाली निबन्ध परिचय.* नवौं संस्क.. काठमाडौं : रत्न पुस्तक भण्डार ।

सांकृत्यायन, राहुल (सन् २००७).*दर्शन दिग्दर्शन.* इलाहावाद : किताब महल ।